पानोरमा रिसोर्ट तीन वर्षपछि फेरि संचालन हुँदै । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१४, ● अंक-४६ ● २०७९ जेठ १६ गते सोमबार, ● 30 May 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# डाँडाबास-महादेववेशी सडकलाई १ अर्ब बजेट

विकास संवाददाता

थाहानगर

मकवानपुरको थाहा नगरपालिका र धादिङको थाक्रे गाउँपालिकाको महादेववेशी जोड्ने पक्की सडक (कालोपत्रे) का लागि करिब १ अर्ब रूपियाँ बजेट विनियोजन भएको छ । डाँडाबास-गैरीगाउँ-दामगाडे-मोरिया-महादेववेशी सडकलाई आर्थिक वर्ष २०७९/०८० का लागि उक्त बजेट स्वीकृत भएको हो ।

१५ जेठमा प्रस्तुत बजेटमा सो सडकका लागि ९९ करोड ९८ लाख १५ हजार ७७७ रूपियाँ विनियोजन भएको थाहा नगरपालिकाका निवर्तमान नगर प्रमुख लवशेर विष्टले जानकारी दिए । थाहा नगरपालिकाले पालिकाका नागरिकलाई राष्ट्रिय राजमार्गमा जोड्दै संघीय राजधानीसम्म सडक पहुँच विस्तार गर्न पालिकाको गौरवको योजनाको रूपमा उक्त सडकलाई आर्थिक वर्ष २०७८/०७९ मै राष्ट्रिय योजना आयोग समक्ष प्रस्ताव गरको थियो । पालिकाको प्रस्ताव अनुसार प्रदेश नीति तथा योजना आयोग बागमती प्रदेश तथा बागमती प्रदेश सरकारले समेत उक्त योजनालाई प्राथमिकतामा राखेकोमा योजना स्वीकृत भएको राष्ट्रिय योजना आयोग बागमती प्रदेशका विकास तथा सुशासन योजना संयोजक डा. राम कुमार फुयाँलले बताए । संयोजक डाक्टर फुयाँलले भने-'हामीले प्रदेशस्तरबाट प्राथमिकता निर्धारण गरेको योजना स्वीकृत भएको छ, आगामी साउनबाट यो योजना कार्यान्वयनमा जान्छ ।' सो सडक बागमती प्रदेश समपुरक बजेट मार्फत कार्यान्वयन हुने संयोजक डाक्टर फुयाँलले बताए । सडक थाहा नगरपालिकाको वडा नम्बर ७, ८ हुँदै धादिङको थाक्रे गाउँपालिकाको वडा नम्बर ३ मा जोडिनेछ भने थाक्रे २ नम्बर वडालाई समेत उक्त सडकले सहजता हुने निवर्तमान थाहानगर प्रमुख विष्टले बताए । मकवानपुरकै कैलाश गाउँपालिकाका बासिन्दाहरूलाई समेत लाभ पुग्नेगरी योजनामा समेटिएको उक्त सडक योजना छनोटमा सहयोग गर्ने बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डे, आन्तरिक मामिला तथा योजना मन्त्री शालिकराम जर्मकट्टेल, सामाजिक विकास मन्त्री कुमारी मोक्तान तथा बागमती प्रदेशका सम्पूर्ण मन्त्रीहरूलाई थाहानगरका निवर्तमान नगर प्रमुख विष्टले धन्यवाद दिए । विष्टले राष्ट्रिय योजना आयोग, राष्ट्रिय योजना आयोग बागमती प्रदेश संयोजक तथा सम्पूर्ण पदाअधिकारीहरू र योजना छनोटमा योगदान दिनूहुने सबैप्रति आभार व्यक्त गरे । पक्की सडक निर्माणमा संघीय सरकारले बजेट विनियोजनमा प्राथमिकतामा राख्नू यस क्षेत्रका बासिन्दाको लागि महत्वपूर्ण भएको बताउँदै विष्टले यस कार्यका लागि अवसर जुटाउनुहुने मकवानपुर-२ का संघीय सांसद तथा स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडाप्रति आभार व्यक्त गरे ।



सडक योजना कार्यान्वयनबाट थाहा नगरपालिकाको वडा नम्बर ७, ८ तथा छिमेकी वडाहरू र थाक्रे गाउँपालिकाको वडा नम्बर ३ र २ तथा कैलाश गाउँपालिकाका बासिन्दाहरूको समेत आर्थिक तथा सामाजिक परिवर्तनमा सघाउ पुग्ने विष्टले विश्वास गरेका छन् ।

कुल २७ किलोमीटर लामो सडक पक्की (कालोपत्रे) गर्नका लागि बहुवर्षे योजनाका रूपमा कार्यान्वयन हुनेछ । उक्त सडकमा पहिलो वर्ष २० प्रतिशत काम सम्पन्न हुनेछ भने दोस्रो वर्ष ३५ र तेस्रो वर्ष ४५ प्रतिशत काम सम्पन्न गर ी सडकलाई पूर्णता दिइने राष्ट्रिय योजना आयोग बागमती प्रदेशका विकास तथा सुशासन योजना संयोजक डा. राम कुमार फुयाँलले बताए । सडकको निर्माण समयमै र गुणस्तरीय हुनेमा निवर्तमान थाहानगर प्रमुख विष्टले अपेक्षा गरेका छन् । विष्टले भने-'योजना प्राथमिकता निर्धाणमा जसरी राष्ट्रिय योजना आयोग, प्रदेश र संघीय सरकारले सहयोग गरे, हामी हाम्रो तर्फबाट योजना संचालनका लागि उत्तिकै समन्वय र सहयोग गर्नेछौं ।'

वर्षेनी वर्खाको बेला यातायात सेवाबाट विच्छेद हुनुपर्ने थाहानगरको आग्रा क्षेत्रका बासिन्दाका लागि उक्त सडक योजना बरदान सावित हुने थाहा नगरपालिकाका नगर प्रमुख विष्णु विष्टले बताए । थाहानगरको ७ र ८ नम्बर वडाबासीलाई राष्ट्रिय राजमार्गसम्मको सहज पहुँचका लागि योजना छनोट भएकोमा नगर प्रमुख विष्टले सहयोग गर्ने सबै पक्षलाई धन्यवाद दिए । उनले योजना संचालनका लागि पालिकाको तर्फबाट गर्ने समन्वयमा कुनै कमी हुन नदिने प्रतिक्रिया दिए ।

## थाहानगर प्रमुख र उपप्रमुखले गरे पदभार ग्रहण




◆ विकास संवाददाता

मकवानपुर थाहा नगरका नवनिर्वाचित नगर प्रमुख तथा उपप्रमुखले पदभार ग्रहण गरेका छन् । थाहानगरका नवनिर्वाचित प्रमुख विष्णुबहादुर विष्ट र उपप्रमुख भरत गोपालीले ६ जेठमा नगर कार्यपालिकाको कार्यालय पुगेर पदभार ग्रहण गरेका हुन् ।

पदभार ग्रहणको अवसरमा थाहानगरका निवर्तमान नगर प्रमुख लवशेर विष्ट, उपप्रमुख खड्गबहादुर गोपाली, प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरी, विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनीधिहरू, कर्मचारीहरू लगायतकाको उपस्थिति रहेको थियो ।

पदभार ग्रहण अघि उपप्रमुख गोपाली तथा निर्वाचित अध्यक्ष र सदस्यहरूले नगर प्रमुख विष्ट समक्ष शपथ ग्रहण गरेका थिए ।

यसैबीच एक कार्यक्रमकाबीच निवर्तमान जनप्रतिनीधिहरूको विदाई गरिएको छ । कार्यक्रममा निवर्तमान जनप्रतिनीधिहरूलाई मायाँको चीनोसहित विदाई गरिएको भने नवनिर्वाचित जनप्रतिनीधिहरूलाई खादा र टिका लगाएर स्वागत गरिएको थियो ।

## पालिकाले पाउने समानिकरण अनुदान बढ्यो




◆ विकास संवाददाता

मकवानपुरका पालिकाहरूका लागि संघीय सरकारले उपलब्ध गराउने वित्तिय समानीकरणको बजेट वृद्धि भएको छ । संघीय सरकारले आर्थिक वर्ष २०७९/०८० का लागि मकवानपुरका दशवटै पालिकालाई दिने बजेटमा वृद्धि भएको हो ।

चालु आर्थिक वर्ष २०७८/०७९ मा जिल्लाका १० स्थानीय तहका लागि १ अर्ब ३३ करोड १४ लाख रहेको थियो भने आगामि आर्थिक वर्ष २०७९/०८० का लागि ७ करोड ५२ लाख रूपियाँ वृद्धि भई १ अर्ब ४० करोड ६६ लाख रूपियाँ पुगेको छ ।

मकवानपुरमा आगामि आर्थिक वर्ष सबै भन्दा बढि हेटौंडा उपमहानगरपालिकाले ३५ करोड ७५ लाख रूपियाँ वित्तिय समानीकरण अनुदान पाएको छ भने सबैभन्दा कम इन्द्रसरोवर गाउँपालिकाले ८ करोड १० लाख रूपियाँ पाउने भएको छ ।



# • सम्पादकीय •

## संघीयता बलियो बनाउने अर्को अभिभारा

संघीय नेपालको संविधानअनुसार ५/५ वर्षमा हुने स्थानीय तह सद्यसय निर्वाचन सम्पन्न भएको छ । संघीयता कार्यान्वयनसगै वि.सं. २०७४ सालमा दुई चरण गरी भएको निर्वाचन यसपटक एकै चरणमा भएका छन् । केही पालिकामा विशेष अवस्था आइपरे पनि सबै स्थानीय तहमा नयाँ जननिर्वाचित प्रतिनीधिहरु आइसकेका छन् । स्थानीय तहको निर्वाचनमा भएको सहभागिताले जनता लोकतान्त्रिक परिपाटीप्रति निकै विश्वस्त रहेको र लोकतन्त्रको अभ्यासमा रुचि रहेको मतदानले पुष्टि गरेको छ । यति हुँदाहुँदै पनि पालिकाहरुको परिणाम विश्लेषण गरेर दलहरू र स्थानीय तहमा निर्वाचित हुने जनप्रतिनिधिहरूले आफ्नो कार्यशैली र जवाफदेहितामा भने सुधार गर्नुपर्ने देखिन्छ । संघीय शासनको जग स्थानीय तह नै हो । संघीयताले अधिकारको स्रोत स्थानीय तहलाई नै मानेर संघका धेरै अधिकार कटौती गरी उनीहरूलाई अधिकार सम्पन्न बनाएको छ । तर, गत ५ वर्षमा स्थानीय तहले गरेका कामको विश्लेषण गर्दा कुनैकुनै काम उदाहरणीय देखिन्छन् भने कतिपय पालिकाहरूमा विसंगति पनि देखिएका छन् ।

लोकतन्त्रको विकृतिलाई हटाउन यसको विकल्प खोज्ने होइन, यसलाई अझ बढी अभ्यास गर्दै बढी अधिकार दिँदै जानु हो । यसो गर्दा विकृतिहरूको विरुद्ध स्थानीय नै जागरुक हुन्छन् र तिनमा सुधार ल्याउन पनि प्रयास गर्छन् । ५ वर्षमा केही आधार तय भएको छ, अब निर्वाचित हुने स्थानीय तहका जनप्रतिनिधिले यसलाई थप बलियो बनाउन सक्छन् । तर, त्यसमा संघको हस्तक्षेप भने हुनु हुँदैन । किनभने संघीयता प्रारम्भ गर्ने पहिलो जनप्रतिनीधिकहरुको अवधि सकिइ नयाँ जनप्रतिनीधि आइसकेका छन् । उनीहरुले संघीयता कार्यान्वयनको अभिभारा स्वीकार्नु पर्दछ । स्थानीय सरकारले संघसँग धेरै अपेक्षा नराखी स्थानीय आवश्यकताअनुसार विकास योजनाहरू तर्जुमा गर्नुपर्छ । स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी त्यसबाट स्थानीयकै उन्नति गराउने हो । पाँच वर्षको कार्यकाल  आधार खडा गर्न र संघीयताबारे सिक्न बितेको समय हो । त्यसैले यस अवधिमा स्थानीय तहको संरचना बलियो बनाउने लगायतका काम भएका छन् । अब नयाँ नेतृत्वलाई काम गर्न पक्कै पनि केही सहज हुनेछ ।

स्थानीय तहको विकासका लागि त्यहीँ भिजेको, त्यहाँको विशेषता थाहा पाएको व्यक्ति हुनुपर्ने आवाजलाई अहिलेको निर्वाचनले केही हदसम्म मलजल गरेको छ । यसले लोकतन्त्रलाई कमजोर होइन, बलियो नै बनाउन मद्दत गर्ने देखिन्छ । निर्वाचनका बेला उम्मेदवारहरूले मोनोरेल, बेरोजगारीको अन्त्यजस्ता राष्ट्रिय स्तरमा हुनुपर्ने कार्यक्रमका मुद्दामा मत मागेको पनि पाइयो । तर, निर्वाचनमा विजयी भएपछि यी मुद्दाभन्दा विकासका स्थानीय मुद्दालाई नै प्राथमिकता दिनेतर्फ लाग्नुपर्छ । प्रत्येक पालिकाहरूका आआफ्नै विशेषता, स्रोत र प्राथमिकताहरू हुन्छन् । स्रोतको परिचालन गर्दा स्थानीय जनताको माग सम्बोधन गर्ने गरी कार्यक्रम लागू गर्नुपर्छ । त्यही भएर पालिकाको सभामा बजेट तथा कार्यक्रम लैजानुपर्ने, त्यहाँबाट पारित गराएर मात्रै योजनाहरू कार्यान्वयनमा लैजानुपर्नेजस्ता व्यवस्था गरिएका हुन् । अहिले जनतासँग प्रत्यक्ष सरोकार राख्ने सार्वजनिक सेवा प्रवाहका लागि संघीय सरकारभन्दा स्थानीय सरकारसँग बढी अधिकार छ । तर, संघीय सरकारले स्थानीय तहलाई जति अधिकार दिनुपर्ने हो त्यो व्यवहारतः नदिएको अवस्था पनि छ । यस्तो अवस्थालाई चिर्दै नव निर्वाचित जनप्रतिनीधिहरुले संघीयताको असल अभ्यास गर्नुपर्ने थप अभिभारा रहेको छ । यसो भएमा मात्र नागरिकले संघीयताको महशुस गर्न पाउँछन् ।



### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |



# नेपालमा वातावरण र विकासको विवाद



शंकरमान सिंह

विश्व वातावरण दिवस, २०२२ वातावरणका लागि सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय दिवस हो । संयुक्त राष्ट्र पर्यावरण कार्यक्रम (युनेप) को नेतृत्वमा र सन् १९७३ देखि वार्षिक रूपमा आयोजित यो पर्यावरणका लागि सबैभन्दा ठूलो वैश्विक प्लेटफर्म भएको छ । यो संसारभरि लाखौं मानिसद्वारा मनाइन्छ । 'केवल एक पृथ्वी' अभियानको नारा हो, 'प्रकृतिसँग मेलमिलापमा दिगो रूपमा बाँच्न' मा केन्द्रित छ । आजको दिन हामी सबैले आफ्नो वरपरको वातावरण सुधार गरी जल, हावा, जमिन र वनस्पति, जीवजन्तु र मानवको अन्तरसम्बन्धलाई जीवन्त बनाउँदै स्वच्छ वातावरणमा बाँच्न पाउने संवैधानिक प्रत्याभूतिलाई सार्थक बनाउने वाचा लिने दिनका रूपमा रहेको छ । विश्व वातावरण प्रदूषणमा नेपालीको भूमिका नगण्य भए पनि वायु, जल तथा जमिन प्रदूषणबाट पर्न सक्ने असर न्यूनीकरणका लागि विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा भएका नेपालका प्रतिबद्धताहरू कार्यान्वयन गर्न थप प्रेरणा यस दिवसले दिनेछ । नेपालले पनि प्रकृति संरक्षणका लागि पहल गर्दै विश्वसँगै विभिन्न कार्यक्रम गरिरहेको छ । यो दिन प्रकृतिको शोषण रोक्न सरकारलाई कार्य गर्न र आमजनतामा चेतना जगाउनका लागि महत्वपूर्ण कदम भएको देखिन्छ ।

हिमालयमा प्रदूषण, जोखिममा रहेको जैविक विविधता, वन फँडानी जाँच्न अनिवार्य छ । वातावरण संरक्षणका कारणहरू अत्यधिक जनसंख्या, वनविनाश, प्रदूषित वातावरण, चेतनाको कमी, प्रभावकारी प्रकृति संरक्षण नीतिको अभाव, प्राकृतिक स्रोतको दुरूपयोग रोक्नु प्रमुख हुन् ।

पृथ्वी नष्ट गर्ने सबै कुराबाट जोगाउन सामूहिक प्रयास गरेर विश्व वातावरण दिवसको कार्यक्रमलाई सम्मान गर्नु जरूरी छ । पृथ्वीले हामीलाई चाहिने सबै कुरा प्रदान गर्छ र हामीले हाम्रा सबै प्रयासहरूमा यसको हेरचाह गर्नुपर्छ । वातावरणको संरक्षण गर्नु भनेको जीवन रक्षा गर्नु हो । प्रकृति संरक्षणको प्रतिबद्धता गर्दै विश्व वातावरण दिवसलाई थप समृद्ध बनाऔं ।

हामी 'इकोसिस्टम' बिना बाँच्ने कल्पनासम्म गर्न सक्दैनौं । हामी योबिना उपलब्धि, धन र विजय प्राप्त गर्न सक्दैनौं । यो हाम्रो आवश्यकता र प्राथमिकता हो । विश्व वातावरण दिवस हामीले हाम्रो प्रकृतिको राम्रो हेरचाह गर्न आवश्यक छ भन्ने संकेत हो । बाँच्न र जीवन अनुभव गर्न पृथ्वीलाई हरियाली र स्वस्थ स्थान बनाउने वाचा गरौं । प्रकृति सधैं हाम्रो लागि उदार भएको छ र अब यो वातावरणप्रति जिम्मेवार दृष्टिकोण वितरण गरेर सबै पक्ष फिर्ता गर्ने समय हो । हरेक दिन वातावरण दिवस हो भन्नुमा अत्युक्ति नहोला, त्यसैले आफ्नो वातावरण बचाएर आफ्नो दिन बचाउनुपर्छ भन्ने अनुभूति सबैमा हुनुपर्छ ।

सबैभन्दा उत्कृष्ट दृश्य वातावरण हो, त्यसैले यसलाई अझ धेरै विकसित भएको हेर्नका लागि यसलाई सुरक्षित र संरक्षण गर्नु हामी सबैको कर्तव्य हो । रूखहरूसँग बिताएको समय कहिल्यै खेर जाँदैन । यदि हामीले पृथ्वीलाई सुन्दरता र आनन्द प्रदान गर्न दिएनौं भने यसले अन्त्यमा खाना पनि उत्पादन गर्दैन । संरक्षण भनेको मानिस र भूमिबीचको मेलमिलापको अवस्था हो । प्रकृतिको सम्मान गर्नु र यसले तपाईंलाई शुद्धता र हरियालीको प्रचुरताले नुहाउनेछ । रूख रोप्नेले आफूबाहेक अरूलाई माया गर्छ । मानिस र प्रकृतिबीचको बन्धन टुट्नेछैन भन्ने सुखको प्रारम्भिक अवस्थाहरूमध्ये एक हो ।

गत वर्ष वातावरण दिवसको शुभकामना नेपालका नौ विकास साझेदारहरूले जुन ५ को विश्व वातावरण दिवसको अवसरमा एक विज्ञप्ति जारी गरी कोभिड-१९ र जलवायु संकटको सामना गर्न नेपाललाई मद्दत गर्ने आफ्नो प्रतिबद्धतालाई जोड दिएका थिए । विज्ञप्तिमा विशाल निजगढ विमानस्थल आयोजनाको सन्दर्भमा पनि भनिएको छ, 'नेपाललाई पूर्वाधारको आवश्यकता हुँदा निजगढजस्ता ठूला आयोजनाका निर्णयहरू 'नेपालको जलवायु र अनुकूल आर्थिक, आर्थिक, जलवायु, वातावरणीय र सामाजिक प्रभावको विश्लेषणमा आधारित हुनुपर्छ । सोको पूर्ण कथनको अनौपचारिक अनुवाद : विश्व वातावरण दिवसमा, हामी नेपाललाई कोभिड-१९ महामारी र दिगो र समावेशी पुनःप्राप्तिमा मद्दत गर्ने हाम्रो प्रतिबद्धता दोहो-याउँछौं । यो प्रतिबद्धता नेपालको हरित, लचिलो र समावेशी विकास (ग्रिड) महत्वाकांक्षाका लागि हाम्रो संयुक्त समर्थनमा प्रदर्शन गरिएको हो, जसका लागि विकास साझेदारहरूले अमेरिकी डलर ७.४ बिलियनसम्म प्रतिबद्ध छन् । सरकारको प्रतिबद्ध नेतृत्वका साथ हामी कोभिड-१९ संकट कम हुँदै जाँदा हरियो, लचिलो र समावेशी विकासको बाटोमा अघि बढ्न तत्पर छौं । नेपालले भर्खरै नयाँ बजेट प्रस्तुत गरेको छ, जसमा कार्यमा ग्रिड सिद्धान्तहरू समावेश छन् । यस वर्षको अन्त्यमा हुने ग्लोबल क्लाइमेट कन्फरेन्स कोप-२६ मा ग्रिडप्रति नेपालको प्रतिबद्धता बाँकी विश्वका लागि उदाहरण बन्न सक्छ भन्ने हाम्रो पूर्ण आशा छ । वन हरियो, लचिलो र समावेशी विकास हासिल गर्न आवश्यक छ, किनकि यसले जलवायु परिवर्तनका कारण र प्रभाव दुवैलाई कम गर्छ । नेपालको वनले खतरनाक जलवायु ग्यासहरू शोषण गर्छ, जलस्रोतलाई कायम राख्छ र माटोको क्षय, खडेरी र पहिरोको जोखिम घटाउँछ । तिनीहरू बहुमूल्य प्राकृतिक स्रोतहरू र वन्यजन्तुहरूको स्रोत पनि हुन् जसले वन र पर्यटन क्षेत्रमा रोजगारी सिर्जना र आर्थिक विकासलाई समर्थन गर्छ । नेपालले वन क्षेत्र बढाउने र जैविक विविधता कायम गर्ने अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको छ । स्थापित वनहरू, विशेष गरी कार्बन कब्जा, जैविक विविधता र आर्थिक मूल्यमा सबैभन्दा ठूलो योगदान दिन्छ । नेपालको परिपक्व, स्वदेशी वन घटाउने निर्णय गर्नुअघि सम्भावित आर्थिक, वातावरणीय र सामाजिक प्रभावहरूको पर्याप्त विश्लेषण चिजहरू सही र सही कामहरू भएको सुनिश्चित गर्न अत्यन्त महत्वपूर्ण छ । प्रस्तावित निजगढ विमानस्थल एउटा उदाहरण हो, जसलाई हामीले धेरै उच्च संरक्षण मूल्य भएको क्षेत्रमा २० लाखसम्म स्वदेशी रूखहरू गुमाउन सक्छ भन्ने बुझेका छौं । हामी पूर्वाधारको महत्वपूर्ण भूमिकालाई मान्यता दिन्छौं र त्यो विकासले सबै वातावरणीय र सामाजिक प्रभावहरूलाई बेवास्ता गर्न सक्दैन । यद्यपि, यो सुनिश्चित गर्न महत्वपूर्ण छ कि विशेष गरी निजगढ विमानस्थलजस्ता ठूला परियोजनाहरूका निर्णयहरू, नेपालको स्थापित आर्थिक, वातावरणीय र सामाजिक नियमहरूअनुरूप, आर्थिक, वित्तीय, जलवायु, वातावरणीय र सामाजिक प्रभाव विश्लेषणमा आधारित छन् ।'

अन्तर्राष्ट्रिय अनुभवले देखाउँछ कि ठूला परियोजनाहरू सफल हुन सुनिश्चित गर्न पारदर्शिता र सार्वजनिक परामर्श महत्वपूर्ण हुन्छ । यीजस्ता परियोजनाहरूको लागत र लाभहरूमा पारदर्शी र समावेशी सार्वजनिक संवादले निर्णय लिनेबारे जानकारी दिन विभिन्न सरोकारवालाहरूको विचार र उपलब्ध प्रमाणहरू प्रयोग गरिन्छ भन्ने कुरा सुनिश्चित गर्न सक्छ । नेपालको विकास साझेदारको रूपमा, हामी यी संवादहरूलाई समर्थन गर्न पाउँदा खुसी छौं । यो विशेष गरी महत्वपूर्ण छ, किनकि विश्वले कोभिड-१९ भन्दा बाहिर अझ दिगो, समावेशी र जलवायु-उत्थानशील भविष्यलाई हेर्छ- यस्तो भविष्य जसले हामी सबैलाई प्रकृतिमा हाम्रो निर्भरता स्वीकार गर्न आवश्यक छ ।

जलवायु परिवर्तनका कारण दक्षिण एसियामा मात्रै ४ करोड मानिस गरिबीमा फस्न सक्छन् । हाम्रो पृथ्वी जोगाउने चुनौती सरकारले मात्रै थेग्न सक्दैनन् । हवाई उडानमा काठमाडौं अवतरण गर्ने क्रममा अग्ला-अग्ला हिमाल देखिँदा हाम्रो ग्रह पृथ्वी र यससँग मानिसको सम्बन्धबारे आश्चर्यमा नपर्ने सायदै कोही होलान् । यी हिमाली शृंखला हिन्दूकुश हिमालय क्षेत्रका २५ करोड र तल्लो तटीय क्षेत्रका थप १ अर्ब ६५ करोड मानिसहरूका लागि पानीका अमूल्य स्रोत हुन् । त्यसैले पनि, नेपाल जलवायु परिवर्तनको हिसाबले चौथो जोखिमयुक्त देश हो । सम्बन्धित ज्ञाताका अनुसार हिमनदीहरू बर्सेनि ६० मिटरको दरले खुम्चिँदै छन्, जसले गर्दा हिमतालहरू बन्दै छन् र हिमताल फुटेर बाढी आउने सम्भावना बढेर गएको छ ।

नेपालले कोप-२६ मा पर्वतीय क्षेत्रमा जलवायु परिवर्तनको प्रभावलाई प्राथमिकता दिएको थियो । नेपालले कोप-२६ मा पर्वतीय क्षेत्रमा जलवायु परिवर्तनको प्रभावलाई प्राथमिकता दिन्छ । नेपालले संयुक्त राष्ट्र जलवायु परिवर्तन सम्मेलन (सीओपी २६ ) मा पर्वतीय क्षेत्रमा जलवायु परिवर्तनको प्रभावलाई धेरै प्राथमिकताका साथ उठाएको थियो ।

इतिहासको सर्सरी समीक्षा गर्दा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय फ्रेमवर्क सम्मेलन (युएनएफसिसी)-२६ का अध्यक्षले जलवायु परिवर्तनलाई सम्बोधन गर्न नेपालले गरेका प्रयासका सराहना गरेका छन् ।

*बाँकी पेज ३ मा*

# नयाँ निर्माण प्रविधि : १५ लाखमै आकर्षक घर



'घर कता पऱ्यो ?' अक्सर चिनजानका क्रममा सोधिने प्रश्न हो यो । घर ओत लाग्ने थलो मात्र होइन, मान्छेको पहिचान पनि हो । त्यसैले त ढुंगा, माटो, गिटी, काठ र सिमेन्टले बनेको भौतिक घरसँग मान्छेको खास नाता हुन्छ । भावनात्मक नाता ।

हरेकको इच्छा हुन्छ, आफ्नै एउटा घर होस् । घर बनाउनका लागि मान्छेले जीवनभरको कमाइसमेत खर्च गर्छ । सकेसम्मको ऋणपान गर्छ । धेरैलाई लाग्छ, 'घर भनेको जीवनमा एक पटक बनाउने हो ।' यति अनमोल घर निर्माण गरिसकेपछि मान्छे त्यसमा दोष देख्न चाहँदैनन् । हरेक कुराले परिपूर्ण, भरिपूर्ण, सुविधायुक्त, सुन्दर होस् भन्ने चाहन्छ । तर आजको महंगीमा मान्छेले चाहेजस्तो घर बनाउन कहाँ सजिलो छ र ?

इन्जिनियर दीपविक्रम विष्ट भन्छन्, 'एउटा सामान्य घर निर्माण गर्न औसत ३५ लाख रूपैयाँसम्म लाग्छ ।' त्यसमा आन्तरिक साजसज्जा, विद्युत, फर्निचर, रंगरोगनको छुट्टै खर्च छ । यत्तिका खर्च गरेर निर्माण गरिएको घरमा पनि सुविधायुक्त नहुन सक्छ । यही पृष्ठभूमिमा अहिले कोरियन प्रविधिको घर निर्माण गर्ने ट्रेन्ड बढ्दो छ । सिमेन्ट, छड, गिटी–बालुवाको घरभन्दा यो तुलनात्मक सस्तो र छरितो भएको बताइन्छ ।

यस्तो प्रविधि घर निर्माण गरिरहेको एसवाई प्यानलले नेपाल भित्र्याएको हो । कोरियन मोडलभन्दा पनि यो कोरियन प्रविधिको घर हो । यो घर बनाउनका लागि फेब्रिकेटको प्रयोग हुन्छ । उद्योगमा नै तयार भएको सामानहरूलाई साइडमा लगेर स्थापना गर्नुलाई प्रिफ्याब घर भनिन्छ । यो घर थोरै समयमा नै बन्छ, भूकम्पपछि नेपालमा भूकम्प प्रतिरोधी घर बनाउनका लागि कोरियामा रहेका एसवाई ग्रूप अन्तर्गत नेपालमा एसवाई कम्पनी दर्ता भयो प्रिफ्याब घरहरू बन्न थाले । प्रिफ्याब घर बनाउने एसवाई प्यानल मात्र एउटा कम्पनी हो ।

पहिले प्रिफ्याब घर बनाउने सबै सामान कोरियाबाट नै आयात हुन्थ्यो । तर नेपालमा प्रिफ्याब घर बनाउनेको संख्या बढेपछि २०७४ सालबाट नेपालमा नै उद्योग स्थापना गरेर प्रिफ्याब घर बनाउने सबै सामान म्यानुफ्याक्चर भइरहेको कम्पनीका महाप्रबन्धक विमलराज गोसाई बताउँछन् । 'हाम्रो कम्पनीबाट प्रायः सबै प्रकारको घर तयार हुन्छ । मान्छे बस्ने घर, विद्यालय, अस्पताल र औद्योगिक सबै प्रकारको घर बन्छ ।'

नेपालमा थोरै मूल्यमा घर बनाउन चाहनेको संख्या धेरै भएकाले एकतल्ले घर बढी बन्ने गरेको छ । सामान्यतया एकतल्ले घर बनाउनको लागि १५ लाखदेखि २० लाख रूपैयाँसम्म लाग्छ । दुई अढाइ तल्लाको घर बनाउन भने ३० लाख लाग्छ ।

१५ लाखमा १०/१२ फिट चौडाइको एउटा किचन, दुईवटा कोठा र एउटा बाथरूम भएको घर तयार हुन्छ । सानो परिवार चार जनाको लागि यो उपयुक्त हुन्छ । परिवार ठूलो छ भने २० लाखमा कोठाको साइज बढाएर घर बनाउन सकिन्छ । यो घर बनाउन छानो, भित्ता, झ्याल र ढोका सबै एसवाई प्यानलले नै तयार गर्छ । भित्ता स्यान्डविचबाट बनेको हुन्छ र कलर कोटेड हुन्छ र छानामा पनि स्यान्डविच प्रयोग गरिएको हुन्छ । यो छानोले गर्मी र जाडोबाट बचाउँछ, शीत चुहिने सम्भावना पनि हुँदैन ।

'प्रिफ्याब घरमा यूपीभीसीको झ्याल बन्छ । ११५ एमएमको झ्याल बन्छ । यो पनि अलि बाक्लो हुने भएकाले त्यसले गर्दा आगोले सजिलै भेट्न सक्दैन । गोसाईले भने, 'ढोकाहरू स्टिल डोरको प्रयोग गरिन्छ, यसले आधा घण्टासम्म आगो लाग्नबाट पनि बचाउँछ र टिकाउ पनि हुन्छ ।' भान्साको डिजाइन कस्टुमरको चाहना अनुसार र बजेट अनुसार तयार हुन्छ । बजेट कम छ भने स्लाब ढलान गरेर त्यसमाथि ग्रिनेट हालेर किचन तयार गरिन्छ । ठिक्क बजेट छ भने आफ्नो चाहना अनुसार मोड्युलर किचन पनि बन्छ । भऱ्याङ भने विभिन्न डिजाइनमा फलामबाट नै बनाइन्छ ।

यो प्रिफ्याब घरमा रंग लगाइरहनु पर्दैन, किनकि यसको भित्ता र छतमा पहिले नै रंग कोटिङ गरिएको हुन्छ । बाथरूमको कुरा गर्ने हो भने एकतल्ले घरमा एउटा बाथरूम र दुई–अढाइतल्ले घरमा तीनवटा बाथरूम हुन्छ । ग्राहकको आवश्यकता अनुसार बाथरूमको संख्या घटबढ गर्न पनि सकिने गोसाई बताउँछन् ।

यो घर सबै हिसाबले एकदमै सुरक्षित छ । भूकम्पप्रतिरोधी, झयालहरूमा ग्रिल प्रयोग भएको हुन्छ र ढोका पनि बलियो भएकाले चोरबाट पनि सुरक्षित हुन्छ । मौसमको कुरा गर्दा तातो चिसोबाट पनि बचाउँछ । घर बनाउँदा धेरै फलामको प्रयोग भएकाले आगोबाट पनि केही हदसम्म सुरक्षित छ ।

*–सुमित्रा लुइटेल*

## हाम्रो अनुरोध

- सुक्खा मौसममा हावाहुरी चल्ने घर, पसल, कार्यालय र वनलगायतमा आगलागी भई जनधनको ठूलो क्षति हुनसक्छ ।
- आगलागीका विपदजन्य घटना हुन नदिन र भइहालेमा कम क्षतिमा नियन्त्रण गर्नका लागि जनस्तरबाटै सावधानी अपनाऔं ।
- आगो उत्पन्न हुने सलाई, लाइटर, ग्याँस सिलिण्डर र चुल्हो बालबालिकाबाट टाढै राखी होसियारीपूर्वक प्रयोग गर्ने र काम सकिएपछि सुरक्षितसाथ राख्ने गरौं ।
- वनमा डढेलो नलगाउने, वनमा वनभोज गर्दा बालेको आगो र खाएको चुरोटको ठुटा पूर्णरूपमा निभाउने गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर

## नेपालमा वातावरण र ...

कोप–२६ को अध्यक्षको हैसियतमा नेपालमा पहिलो पटक भ्रमण गरेका उनले जलवायु परिवर्तनले हिमालयन क्षेत्रमा पारेको प्रभावबारे जानकारी लिएका थिए । उनले नेपालले सन् २०५० सम्म कार्बन उत्सर्जनलाई शून्यमा झार्न गरेको प्रतिबद्धता र कोप–२६ अगावै जलवायु परिवर्तन न्यूनीकरणका लागि गरेको विभिन्न निर्णय गरेकोमा नेपालको प्रशंसा गरेका छन् । 'जलवायु परिवर्तन न्यूनीकरणका लागि हुने कार्यमा महिला र युवाहरूको सशक्त भूमिका हुनुपर्छ भन्नेमा नेपालमा आमबुझाइ रहेको आमधारणा छ । नेपालीहरू जलवायु परिवर्तनका प्रभाव थेग्न सक्षम रहेका तर विश्वका सबैभन्दा कम कार्बन उत्सर्जन गर्ने देश हुँदाहुँदै पनि नेपाल जलवायु परिवर्तनका कारण अत्यधिक प्रभावित रहेको पनि बताइन्छ ।

नेपाललाई कोभिड–१९ बाट पुनर्लाभ गर्दा 'हरित तरिकाले पुनरूत्थान गर्न' समेत आवश्यक छ । बाढी रोकथाम र वृक्षरोपणजस्ता स्वच्छ ऊर्जा र पानीका परियोजनाहरूमा लगानी गरेर कृषि, वन तथा पर्यटनमा दिगो रोजगारी सिर्जनाका लागि सहयोग परिचालन गर्दै नेपाललाई महामारीको तात्कालिक प्रभावबाट दिगो रूपमा पुनरूत्थान अपेक्षा गर्न सकिन्छ । नेपालको स्थानीय समुदायहरूले हिमनदी पग्लिने र पहाडमा नयाँ रोगहरू देखा पर्नेदेखि तराईमा बाढी र उच्च तापक्रमसम्मका जलवायु परिवर्तनका अत्यन्त विविध प्रभावको सामना गर्न सक्षम हुनुपर्छ ।






# बागमती प्रदेशमा महिला जनप्रतिनिधिको संख्या घट्यो


पार्वती सुनुवार
अध्यक्ष, फिकल गाउँपालिका


रेणु दाहाल
मेयर, भरतपुर महानगर


मीना लामा
मेयर, हेटौंडा उपमहानगर

◆ विकास संवाददाता

बागमती प्रदेशको स्थानीय तहमा महिला जनप्रतिनिधिको उपस्थिति कमजोर बन्दै गएको छ। उपत्यकाबाहेक १० जिल्लाको ९८ स्थानीय तहमा ५८ जना पालिका प्रमुख र उपप्रमुख निर्वाचित भएका छन् । तीमध्ये ६ पालिकामा प्रमुख र ५२ पालिकामा महिला उपप्रमुख निर्वाचित भएका छन् । २०७४ को स्थानीय निर्वाचनभन्दा यसपटक महिला प्रमुखको संख्या २ जना बढेको छ । तर, महिला उपप्रमुखको संख्या भने ३७ जना घटेको छ। २०७४ को निर्वाचनमा ४ जना प्रमुख र ८९ जना उपप्रमुख निर्वाचित भएका थिए ।

गठबन्धन दलबीच प्रमुख र उपप्रमुख भागबण्डा हुँदा दुवै पदमा पुरूष उम्मेदवार बढी भएकाले महिलाको संख्या घटेको प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रमुख लुम्बनाथ पोखरेलले बताए । संविधानले स्थानीय तहका प्रमुख र उपप्रमुखमा उम्मेदवारी दिँदा कुनै एक पदमा महिला अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ। २०७८ चैत १२ गते निर्वाचन आयोगले स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको पदमध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिने राजनीतिक दलले महिलाको मनोनयनको व्यवस्था गर्न निर्देशन दिएको थियो। तर, चैत २९ गते आफ्नो निर्देशन सच्याउँदै आयोगले 'मनोनयनमा प्राथमिकता दिनुपर्ने' हुनुपर्नेमा अन्यथा भएको भन्दै सच्याएको हो। उक्त निर्णयपछि एक–एक पदमा मात्रै उम्मेदवारी दिएका गठबन्धन दलले पुरूषलाई प्राथमिकता दिएर उम्मेदवार बनाएका थिए ।

पुरूषले प्राथमिकता पाउँदा धेरै महिला आकांक्षीले स्थानीय निर्वाचनमा टिकट पाएनन् । बागमती प्रदेशको उपत्यकाबाहेक १० जिल्लामध्ये चितवनमा २ जना, सिन्धुलीमा २ जना, काभ्रे र मकवानपुर मा १/१ जना महिला पालिका प्रमुख निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ ।

चितवनको भरतपुर महानगरमा माओवादी केन्द्रकी रेणु दाहाल र माडी नगरपालिकामा नेकपा एमालेकी ताराकुमारी काजी महतो मेयरमा निर्वाचित भएका छन् । दाहाल पुनः मेयरमा दोहरिएकी हुन् । मकवानपुरको हेटौंडा उपमहानगरमा नेकपा (एकीकृत समाजवादी)बाट मेयरमा मीना लामा, सिन्धुलीको सुनकोसी गाउँपालिकामा माओवादी केन्द्रकी दीपा बोहोरा दाहाल र फिकल गाउँपालिका अध्यक्षमा एमालेकी पार्वती सुनुवार अध्यक्षमा निर्वाचित भएका छन् ।

लामा यसअघि हेटौंडाको उपमेयरमा एमालेबाट निर्वाचित भएकी थिइन्। काभ्रेको चौरीदेउराली गाउँपालिकाको अध्यक्षमा माओवादी केन्द्रकी रेणुका चौलागाईं निर्वाचित भएकी छन्। प्रदेशमा सबैभन्दा धेरै सिन्धुपाल्चोकको १२ स्थानीय तहमध्ये ११ जना उपप्रमुख महिला चयन भएका छन् । तीमध्ये ३ जना उपमेयर र ८ जना उपाध्यक्ष हुन् । नुवाकोट र रामेछापमा ८/८ जना, दोलखामा ७ जना, र सुवामा ४ जना उपप्रमुख निर्वाचित भएका छन्। धादिङ, काभ्रे, मकवानपुर र चितवनमा ३/३ र सिन्धुलीमा २ जना महिला उपप्रमुखमा निर्वाचित भएको निर्वाचन आयोगको तथ्याङ्क छ ।

# हेटौंडाको नगर कार्यपालिका सदस्यमा आठै जना एमालेका निर्वाचित



◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका सदस्यमा आठै जना एमालेका उम्मेदवार निर्वाचित भएका छन् । १५ जेठमा सम्पन्न मतदानको प्रकाशित मतपरिणाम अनुसार एमालेका ८ जना सदस्य निर्वाचित भएका हुन् ।

हेटौंडा उपमहानगरपालिकाको कार्यपालिकामा महिला सदस्यमा ईश्वरी विश्वकर्मा, पातलीमाया गोङवा, मञ्जु भुर्तेल, रूकमणी गोङवा र साधना श्रेष्ठ निर्वाचित हुनु भएको छ । उनीहरू सबैले ९७ मध्ये ५० मत प्राप्त गरे ।

त्यसैगरी नगर कार्यपालिका लागी दलित/अल्पसत्त्यक तर्फ ६ उम्मेदवार मध्ये ३ जना एमालेकै उम्मेदवार निर्वाचित हुनु भएको छ । निर्वाचित हुनेमा अर्जुन बहादुर राई, बिर बहादुर विश्वकर्मा र शंकर राई हुनु हुन्छ । उहाँहरूले पनि ५०/५० मत प्राप्त गर्नुभएको छ ।

# बागमती प्रदेशको कृषि मन्त्रालयद्वारा एकै पटक ६३ जना कर्मचारी माग

◆ विकास संवाददाता

बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा एकै पटक ६३ जना कर्मचारी माग गरिएको छ । आज नागरिक दैनिकमा सूचना जारी गर्दै मन्त्रालयले ६३ जना कर्मचारी माग गरेको हो । करारमा नियुक्त गर्नेगरी एकै पटक यतीका धेरै कर्मचारी माग गरिएको हो ।

मन्त्रालयले अधिकृत सातौ स्तरका मात्र ३० जना कर्मचारी माग गरिएको छ । अरू सहायक स्तरका पाँचौ तहका ३३ जना कर्मचारी मात्र गरिएको छ । मन्त्रालयले पशुसेवा अधिकृत सातौ स्तरका २० जना, कृषि विकास अधिकृत सातौ स्तरका १० जना र पशुस्वास्थ्य प्राविधिक सहायक स्तर पाँचौका ३३ जनालाई नियुक्तगर्नेगरी माग गरिएको हो ।

प्रदेशको मन्त्रालय, निर्देशनालय र जिल्ला स्तरका कार्यालयमा पशु र कृषि प्राबिधकको अभाब भएकाले नियुक्त गर्नेगरी प्रक्रिया अगाडि बढाइएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिब डाक्टर शरण कुमार पाण्डेले बताए । अहिले बढ्दै गएको बर्डफ्लु नियन्त्रण, कृषि क्षेत्रमा प्राविधिक कर्मचारी नहँदा परेका समस्या समाधान गर्नका लागि किसानका सेवालाई प्रभावकारी बनाउने उदेस्यले प्राविधिक कर्मचारी भर्ना गर्न लागिएको उनले बताए ।

कृषि र पशु प्राबिधिकको अभाबमा काम गर्नका लागि समस्या भएकाले सूचना निकालेर भर्ना प्रक्रिया थालनी गर्न लागिएको मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले बताए । अहिले भयाबह हुँदै गरेको बर्डफ्लु नियन्त्रण गर्नका लागि प्राबिधिक कर्मचारी अभाब हुँदा समस्या भइरहेको छ ।

प्रदेशको मन्त्रीपरिषद्को बैठकले कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा ६३ जनाको अस्थायी दरवन्दी स्वीकृत गर्ने निर्णय गरेसंगै कर्मचारी नियुक्त गर्ने बाटो खुलेको थियो । कृषि र पशुपन्छीका क्षेत्रमा काम गर्नका लागि कर्मचारी अभाबका कारण समस्या भएकाले नियुक्त गर्न लागिएको मन्त्रालयले जनाएको छ ।

बागमती प्रदेशमा पशु र पन्छी पालनका क्षेत्रमा महामारी जन्य रोगहरू देखापरेकाले यसको नियन्त्रणका लागि पनि सहज हुने भएकाले कर्मचारी नियुक्त गर्न लागिएको मन्त्रालयले जनाएको छ ।



# मकवानपुरका नवराज पुडासैनी सहसचिवमा सिफारिस

◆ विकास संवाददाता

मकवानपुरबाट नै पहिलो पटक खुल्लाबाट हेटौंडा उपमहानगरपालिका वडा नम्बर–८ नविासी नवराज पुडासैनी सहसचिवमा सिफारिस भएका छन् । यसअघि मकवानपुर जिल्लामा सहसचिब पदमा आरक्षण कोटाबाट सहसचिब पदमा नाम निकाल्न सफल भए पनि पुडासैनी भने पहिलोपटक खुल्लामा नाम निकाल्न सफल भएका हुन् ।

लोक सेवा आयोगले दुई दिनमा दुई जना प्राविधिक सहसचिव सिफारिस गरेको छ । आयोगले नेपाल वन सेवा, जनरल फरेष्ट्री तर्फ खुल्लाबाट नाम निकालेका ३ जना मध्ये हेटौंडाका नवराज पुडासैनीलाई सहसचिवमा सिफारिस गरेको हो । यस्तै वैकल्पिकमा मोहनराज काफ्लेलाई आयोगले सिफारिस गरेको छ । यसअघि मंगलबार कृषि, खाद्य पोषण तथा गुण नियन्त्रण समुहबाट सुनसरीका सोमकान्त रिजाल सहसचिवमा सिफारिस भएका छन् ।

# बागमती प्रदेशको कुल बजेटको ३५ प्रतिशत खर्च

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले चालू आर्थिक वर्षमा पनि बजेट खर्च गत वर्षकै लयमा गर्ने भएको छ । खर्च बढाउन आर्थिक वर्षको अन्तिममा जथाभावी बजेट बाँड्दै आएको प्रदेश सरकारले यस वर्ष पनि त्यसलाई निरन्तरता दिने देखिएको हो ।

चालू आवको १० महिनामा प्रदेश सरकारले गरेको निराशाजनक बजेट खर्चले यस वर्ष पनि आवको अन्तिममा बजेट खर्च बढाउन जथाभावी खर्च हुने छाँट देखिएको हो । चालू आवको १० महिनामा बागमती प्रदेश सरकारले कुल बजेटको ३५ प्रतिशत मात्र बजेट खर्च गरेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार प्रदेश सरकारले १० महिनामा चालू आव ०७८/७९ को कूल बजेटको ३५ प्रतिशत मात्र बजेट खर्च गरेको छ ।

हाल नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस तथा नेकपा एकीकृत समाजवादीले प्रदेश सरकारको नेतृत्व गरिरहेको छ । एमालेले प्रदेश सरकारको नेतृत्व गर्दा बजेट खर्च गर्न नसकेको भन्दै यी दलहरूले विरोध गरेका थिए । हाल सत्तामा रहेका दलहरूले प्रतिपक्षमा हुँदा अघिल्लो सरकारले बजेट खर्च गर्न नसकेको तथा आवको अन्तिम समयमा मात्र जथाभावी खर्च गरेको भन्दै विरोध गर्दै आएका थिए ।

तर अहिले आफैँले प्रदेश सरकारको नेतृत्व गरेको ७ महिना भइसक्दा पनि प्रदेशको बजेट खर्चलाई बढाउन सकेको छैन । गएको आव ०७७/७८ मा डोरमणि पौडेल नेतृत्वको सरकारले असार एक महिनामा नै १२ अर्ब रूपैयाँ बजेट खर्च गरेको थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ

फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# चित्लाङका ८० जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण



◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ९ निवासी इन्जिनियर सजन श्रेष्ठले आफू प्रावितह अध्ययन गरेको विद्यालयका ८० विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेका छन् ।

महालक्ष्मी प्राविबाट आफ्नो प्राथमिक तहको अध्ययन पुरा गरेका इन्जिनियर सजन श्रेष्ठले आफ्ना पिता पुष्पदास श्रेष्ठको हातबाट एक कार्यक्रमका बिच महालक्ष्मीका ८० जना विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरेका हुन् ।

कार्यक्रममा विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष राजन बलामी, प्रधानाध्यापक उषा श्रेष्ठ, शिक्षक तथा विद्यार्थीहरूको सहभागिता थियो ।

# पानोरमा रिसोर्ट तीन वर्षपछि फेरि संचालन हुँदै



◆ विकास संवाददाता

मकवानपुरको थाहानगर दामन–सिमभन्ज्याङमा रहेको एभरेष्ट पानोरमा रिसोर्ट संचालनमा आउने भएको छ । पर्यटकीय क्षेत्र थाहानगरमा रहेको उक्त तारे होटल संचालनमा आउने भएपछि स्थानीय पर्यटन व्यवसायीहरू खुशी भएका छन् ।

पश्चिम भारत केरलाबाट नेपाल भ्रमण आएका विदेशी पर्यटकको रिसोर्टमा निसास्सिएर मृत्यू भएपछि २०७६ फागुन २६ बाट रिसोर्ट बन्द भएको थियो । चिसोका कारण कोठा ततनाउन बालिएको गार्डेन ग्याँस हिटरको तापले निसास्दिा ८ जनाको मृत्यू भएको थियो ।

तीनवर्षदेखि बन्द रहेको रिसोर्टलाई पुनः संचालनमा ल्याउनका लागि अहिले मर्मतसंभारका कार्यहरू संचालन भैरहेको रिसोर्टका एक कर्मचारी नितेश अमात्यले जानकारी दिए । रिसोर्टको मर्मत संभार का साथै अब समयानुकुल नयाँ ढंगले संचालन गरिने अमात्यले बताए । रिसोर्ट परिसरमा पर्यटकलाई आकर्षण गर्नका लागि जिप लाइन समेत संचालन ल्याउने रिसोर्ट व्यवस्थापनले जनाएको छ ।

त्यस्तै ए.टि.भि.मोटरबाइकै दोहोरी साँझ, नेपाली मौलिक परिकारहरू र अन्य मनोरञ्जनात्मक शैलीमा रिसोर्ट संचालनमा आउने बताइएको छ । रिसोर्ट वि.सं. २०४९ साल स्थापना भई संचालनमा आएको थियो ।

# किसालाई थाहानगरले बाँड्यो 'काउम्याट'




◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको पशु विकास शाखाले गाईका लागि म्याट अर्थात् काउम्याट उपलब्ध गराएको छ । पशु विकास शाखा शिखरकोटमा एक कार्यक्रमको आयोजना गरी तीनवटा गाई फार्मलाई म्याट उपलब्ध गराइएको शाखाकी प्राविधिक सहायक मनिषा मगरले जानकारी दिइन् ।

आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लामिछाने गाई तथा कृषि फार्म, डाँडाघरे बाको कृषि तथा पशुपंक्षी फार्म र रितिका कृषि तथा पशु फार्मलाई गरी ७ वटा काउम्याट उपलब्ध गराइएको हो ।

नगरपालिकाका भेटेरीनरी अधिकृत राघवेन्द्र मिश्रले फार्म सञ्चालकहरूलाई काउम्याट प्रदान गरेका थिए ।

# थाहानगरका विद्यालयमा स्थानीय पाठ्क्रम पढाइ शुरु





◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाका विद्यालयहरूमा चालु शैक्षिक सत्रबाट स्थानीय पाठ्यपुस्तक पढाइ हुने भएको छ ।

थाहानगरका सबै सामुदायिक विद्यालयमा कक्षा १ देखि ५ सम्म यसै शैक्षिक सत्रबाट स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक पढाइ शुरू गरिने शिक्षा शाखा प्रमुख शोभाकर रेग्मीले जानकारी दिए ।

स्थानीय पाठ्यपुस्तक छपाइ भएर नगरकार्यपालिकाको कार्यालयमा आइसकेको र अहिले गुणस्तर परीक्षणमा रहेको जानकारी दिँदै उनले तुरून्त विद्यालयसम्म पु¥याइने जानकारी दिए ।



**जंगली च्याउहरु विषालु पनि हुनसक्छन्, त्यसैले पहिचान गरेरमात्र खाऔं ।**

**खेती गरेर उमारेका च्याउमात्र खाने गरौं । अमूल्य जीवन सुरक्षित गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

*उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।*

– विकास खबरपत्रिका

## कण्डम






- कण्डम गर्भान्तरको लागि पुरुषले प्रयोग गर्ने परिवार नियोजनको एक मात्र अस्थायी साधन हो । यो प्रत्येक पटक यौन सम्पर्क गर्दा सहि तरिकाले प्रयोग गर्नुपछ ।
- घर भन्दा बाहिर कामकाज गर्ने व्यक्ति घर फर्कदा अनिच्छित गर्भ रहनबाट रोक्न कन्डम एक सरल उपाय हो ।
- यसले गर्भ निरोध र एच. आई.भी तथा यौन रोगको संक्रमणबाट पनि बचाउछ । कण्डमले दोहोरो सुरक्षा प्रदान गर्छ ।
- यो प्रयोग गरिसकेपछि उचित ठाउँमा व्यवस्थापन गर्नुपर्छ ।
- नजिकको स्वास्थ्य संस्था साथै आफ्नो वडाको महिला स्वास्थ्य स्वयंमसेविकाबाट पनि नि:शुल्क उपलब्ध हुन्छ ।
- यदि यौन सम्पर्कको बेला कण्डम फुटेमा चाडो भन्दा चाडो १२० घण्टाभित्र आकस्मिक गर्भ निरोधकको उपाय अपनाउनु पर्छ ।


**थाहा नगरपालिका**
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## परिवार नियोजन



- पहिलो बच्चा ढिलो पाउन
- कम्तीमा ३ बर्ष जन्मान्तर राख्न (बच्चा पाएको ४५ दिन भित्र शुरुवात)
- लामो समय गर्भ रोक्न
- सन्तानको रहर पुगेपछि

### १ . अस्थायी साधनहरू



**१.१ आई.यू.सी.डि (कपर टि) :**
- आई.यू.सी.डि महिलाले प्रयोग गर्ने लामो अबधिको अस्थायी साधन हो । यो पाठेघरमा राखिन्छ । एकपटक राखेपछि यसले १२ वर्षसम्म गर्भ रहन दिदैन ।

**१.२ ईम्प्लाण्ट :**
- ईम्प्लाण्ट महिलाको पाखुरामा राखिने परिवार नियोजनको अस्थायी साधन हो । यसले एक पटक लगाएपछि ५ बर्ष सम्म गर्भ रहन दिदैन ।

**१.३ डिपो (३ महिने) सुई :**
- यो सुई लगाएपछि ३ महिना सम्म गर्भ रहन दिदैन ।

**१.४ खाने चक्का (पिल्स) :**
- गर्भधारणबाट पूणरुपमा सुरक्षित रहनका लागि महिलाले प्रत्येक दिन नबिराई खाने चक्की (पिल्स) को सेवन गर्नुपर्छ ।

**थाहा नगरपालिका**
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

# नगरौं विवाहका कुरा: भएको छैन बिस वर्ष पूरा

बालविवाह सामाजिक अपराध हो । बालविवाह नगरौं, नगराऔं ।





बालविवाह कानूनी रुपमा दण्डनीय छ । कानूनको पालना गरौं/ गराऔं ।



बालविवाह अन्त्य गरौं ।



बालविवाह गरी शिक्षाबाट वञ्चित नहोऔं ।



बालविवाह गरी घरेलु हिंसामा नफसौं ।



बालविवाहका कारण कम उमेरमा गर्भवती भई स्वास्थ्यलाई जोखिममा नपारौं ।

**"सानै छु बढ्न देऊ, विवाह हैन पढ्न देऊ"**

**थाहा नगरपालिका**
**सामाजिक विकास शाखा**
**इन्द्रायणी चौर, मकवानपुर**

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजैदेखि सबै लागौं ।

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी